
चिनारीको प्रस्तुती


# भावनाको संगम



LYRICS BY

बिक्रम राजवंशी

# भावनाका संगम



१. हरे कृष्ण
२. नयाँ वर्ष आयो
३. मेरो देश, मेरो माया, मेरो नेपाल
४. साथी हो ! मित्रताको मिठास
५. ए आमा हो !
६. नारी शक्ति
७. जन्मदिनको शुभकामना
८. कसम छ तिम्रो माया
९. तिमी जस्तै छौ, उस्तै रहनु
१०. झगडा भित्र माया लुकेको छ
११. तिम्रो आँखामा
१२. प्रिय मेरो यो मनमा
१३. माया पाएको हो
१४. माया सौतेलो, झड्केलो होस्
१५. न म कसैको
१६. सबैको लागि इन्टरनेट
१७. यसरी खुलेका छौं
१८. निठुरी नबन न
१९. बेवफाको छाँया
२०. एभरेस्टको छहारीमा
२१. मेरो विदेशी साथी
२२. जीवन बुझ्ने यात्रा
२३. सानिमा बैंक
- सबल अनि विश्वसनीय
२४. फेरि त्यो पल याद
२५. पिरती लाऊँ
२६. यो साँझ मदोन्मत्त
२७. नदीको किनारमा प्रेम
२८. समुद्रको छालले
२९. समुद्रको किनारमा
३०. पहाडको टुप्पोमा
३१. यात्रा र जीवन
३२. बादल झैं मन
३३. सपना र कल्पना
३४. म जस्तो छु
३५. चेपाङ गाउँमा
३६. उनकै नाममा
३७. प्यासी यो मन
३८. वसन्त ऋतु आयो
३९. चन्द्रलोकको यात्रा
४०. जीवन रंगमञ्च नाटक हो
४१. मेरी सानी छोरी
४२. परिवारको साथ
४३. सम्झनाको पत्र
४४. भक्ति नै सत्यको बाटो हो
४५. बिछोडको वाचा
४६. आस्थाको उज्यालो
४७. चिन्ता भो
४८. स्क्रिनको संसार
४९. ब्रह्मकमल फुल हौ तिमी
५०. माया गर जीवनलाई
५१. म ठूलो सपना देख्छु
५२. तिमी बिना अधुरो म
५३. बुद्धको शान्ति सन्देश
५४. असारे माया
५५. जीवनको के भर छ र
५६. ॐकारमा जीवन
५७. उनी विना अधुरो
५८. गुरु बिनाको ज्ञान अधुरो
५९. मनको मात, मातको माया
६०. अन्धकारमा लुकेको
६१. खुसीका तीन रंग
६२. फोटो मात्रै बाँकी
६३. परिवर्तन सम्भव छ
६४. यात्राको राग



# ॥ हरे कृष्ण ॥

श्री कृष्ण गोविन्द, हरे हरे मुरारी,
तिम्रो प्रेम विना, जीवन शून्य सरी ॥

वंशीको मीठो धुन, गोकुलमा गुन्जियो,
राधाको नयन भित्र, माधव झल्कियो ।
कान्हाको नटखट हाँसो, मनमा बस्छ,
तिम्रो नाम जप्दा, संसार बिर्सिन्छ ॥

राधा विना कृष्ण अधुरो, प्रेम विना पूजारी,
भक्तिले नै भेटिन्छ, मोहनको माया सपारी ।
मनको वीणा बजाऊ, हरिको नाम गाऊ,
उनकै शरणमा जाउँ, जीवन सफल बनाउँ ॥

श्री कृष्ण गोविन्द, मेरो जीवनको आधार,
तिम्रो चरण कमलमा, समर्पण बारम्बार ।
माधवको प्रेममा, यो मन झुम्मिएको छ,
हरे कृष्णको, भक्तिमा मुक्ति यहीँ छ ॥

# नयाँ वर्ष आयो

नयाँ वर्ष आयो, चम्कियो संसार,
मित्रहरू, परिवार, सबैलाई प्यार ।
यो साल होस् उज्यालो, हरेक दिनमा खुसी,
सपना साकार होस्, बाँचौं रमाउँ जिन्दगी ।

तीतामिठा पलहरू, पुरानो सालमा,
सबैलाई बिर्सौं, आउँदो उज्यालामा ।
रंगीन फूल झैँ, खुसीको बगैँचा होस्,
प्रेम र मैत्रीले जीवन सजावस् ।
रमाइलो गरी मनाऔं यो पल,
हर्ष उल्लासले भरियोस् हाम्रो नयाँ साल ।



नयाँ वर्षको शुभकामना,
सबैमा छाओस् नयाँ उमंग ।
माया बाँडौं, खुसी साटौं,
सफलता होस् सधैं हाम्रो सँग ।

सपना पूरा होस्, मनका चाहना,
समृद्धि र शान्तिले सजियोस् दैलो ।
सकारात्मक सोच राखौं, अगाडि बढौं,
नयाँ वर्षलाई सम्झौं, प्रेरणा बनाऔं ।

नयाँ वर्ष आयो, छायो उज्यालो,
सबैलाई शुभकामना, बनोस् हाम्रो प्यारो ।
हासौं, रमाऔं, जीवन भरि याद रहोस्,
खुसीको नयाँ इतिहास रचोस् ।





# मेरो देश, मेरो माया, मेरो नेपाल

हिमालका काखमा खेल्थैँ, हिउँका डल्ला बटुलेर,
बिहानै घाम निस्कँदा, बुद्धको मुहार हेरेर ।
चिसो हावा, सेता डाँडा, कञ्चन पानीको स्रोत,
मेरो मन अझै पनि, हिमाललाई नै खोज्छ ।

पहाडमा घाम चढ्यो, गुराँस फुले डालीमा,
चौरी गाई चराउँदै, रमाइन्थ्यो आलीमा ।
झरनाको संगीतले, निद्रा खुल्थ्यो झस्केर,
पिङमा चढेर नाच्थ्यौं, चाडबाडमा मातेर ।

तराईको खेतैभरि, हरियाली झलमल,
धानबाली लहलह, मनै रमाउने हरर ।
माटोको बास्नाले, सम्झाउँछ ती पलहरू,
जहाँ खेलैँ, बढैँ, मेरो देशको मर्म राखेर ।

हिमाल हाँस्छ, पहाड बोल्छ, तराई गाउँछ,
मेरो देश, मेरो माया, हृदयभरि लहराउँछ ।
जहाँ गए पनि मनभित्र तिमी नै रही रहन्छ,
मेरो देश नेपाल प्राण भन्दा प्यारो लाग्छ ।



# साथी हो, मित्रताको मिठास ...

साथी हो, मित्रता कति रमाइलो,
यो नभए जिन्दगी कस्तो बिरंगी ।
को सँग साटौं, ती गोप्य कुरा,
स्वार्थ रहित दोस्ती, जिन्दगीको डोरा ।



गल्तीमा गाली गर्ने, सुधार्ने लात,
दु:खमा सहारा, खुसीमा साथ ।
साँचो माया, जो दिलमा बस्छ,
जीवनको रङ, मित्रताले रच्छ ।

दु:खको समय होस्, बनोस् सधैँ छाया,
सुखको साथ होस्, छरौं सबैलाई माया ।
नाच्दै, गाउँदै, हाँस्ने, ती रमाइला पलहरू,
जीवन भरि याद रहन्छ, ती मिठा क्षणहरू ।

नि:स्वार्थ साथी जो तनमन सुम्पन्छ,
आँखामा राख्छ, दिलमा सजाउँछ ।
उसको वफादारी केवल मितेरीमा,
साथी हो, मित्रता चम्कन्छ प्रेममा ।





# ए आमा... हो...

तिमी हौ मेरो जीवनको उज्यालो,
तिमी विना अधुरो छ यो संसार ।
तिम्रो माया, छ तिम्रै नै संघर्ष,
जीवन भरि रहने छ तिम्रो आदर्श ।

तिम्रो आँचल होस्, सधैँ मेरो छाया,
तिम्रो आज्ञाले जिते, सबैको माया ।
तिमीले सिकायौ म लड्न र उठ्न,
तिम्रै ममता भित्र, मैले जीवन पाएं ।

तिम्रो ममता होस् सधैँ धरतीमा अमर ।
तिम्रै छायामा छ जीवनको रङ,
तिम्रै लालन पालनले बनेको साक्षर
तिमी नै हौं मेरो प्रेरणाको तरंग ।

तिमी हौं मेरो साहस, मेरो शक्ति,
तिम्रै माया बनेको छ जीवनको सम्पत्ति ।
हर दुःखमा तिमीले दिएको साथ सहयोग,
तिमी नै हौं मेरो प्रेरणा, मेरो विश्वास ।

तिमी हौं मेरो प्रथम स्कुल र प्रशिक्षक,
तिम्रो बलिदानले सजाएको यो जीवन ।
तिम्रै सिद्धान्तलाई राख्छु भविष्यको आधार,
तिमीले दिएको आशीर्वादले जित्नेछु संसार ।



# नारी शक्ति

नारी विना अधुरो संसार,
नारी विना उज्यालो कहाँ छ र ?

स्नेह, शक्ति, सपना बोकेर,
नारीले जीवन सजाएकी छन् ।
नारी आकाश, नारी धरती,
नारी विना अधुरो सृष्टि ।

माया, प्रेम, बलिदानकी छाया,
सहनशीलता, दृढताको माया ।
हिजोका बाधा तोड्दै आइन्,
आज आफैँ संसार चलाइन् ।

शिक्षा, चेतना, नयाँ सोच लिएर,
नयाँ युगको ढोका खोलि रहिन् ।
नारीलाई सम्मान गरौं,
बराबरीको अधिकार दिऔं ।
कुनै छाया होइन नारी,
संसार बदल्ने शक्ति हो नारी ।

# जन्मदिनको शुभकामना



आज तिमीलाई जन्मदिनको धेरै धेरै शुभकामना,
तिमीले ल्यायौ हाम्रो जीवनमा खुसीको बहाना ।
यो दिन तिम्रो, यो पल तिम्रो,
सदा चम्कियोस् तिम्रो भाग्यको तारा ।

ए प्रिय ! मुस्कानले सजाउँछ तिम्रो जीवन,
सपना पूरा होस्, बनोस् सदा सुनौलो ।
तिम्रो हरेक कदम होस् सफलताको बाटो,
हाम्रो हरेक साथ होस् समर्थनको पाटो ।

जन्मदिनको यो खास दिन,
तिमीलाई शुभकामना छ सुख शान्ति ।
गाउँछौं गीत, हाँसौं रमाउँ,
प्रियहरूको माया कहिल्यै नछुटाउँ ।

जन्मदिनको शुभकामना !
तिमी हाँस, तिमी मुस्काऊ,
तिम्रो जीवनमा सधैं नयाँ उमंग छाओस्
जन्मदिनको शुभकामना !
प्रियको जीवन सधैं झिलिमिली रहोस् ।

यो दिन आउँछ बारम्बार,
लिई आशा र माया भरिएको उपहार ।
तिम्रो हरेक सपना पूरा होस्,
प्रिय तिमी सदा खुसीमा डुबी रहोस् ।

जन्मदिनको शुभकामना !
तिमी हाँस, तिमी मुस्काउ,
तिम्रो जीवनमा सधैं नयाँ उमंग आओस् ।
जन्मदिनको शुभकामना !
साथीको जीवन सधैं रंगीचंगी रहोस् ।



# कसम छ तिम्रो माया

मेरो माया छ कि छैन थाहै भएन,
धेरै लाग्छ तिम्रो माया ढाँटेको हैन ।
कसम छ तिम्रो माया अरूलाई दिनै भएन,
मनभित्र सजाएर राखेको छु, टुटेको छैन ।

आकाशैमा चिल उड्यो आकाशै छुन,
यो धरतीमा तिमी आयौ, अब मेरै हुन ।
कसम छ तिम्रो माया अरूलाई दिनै भएन,
मनभित्रको गहिराइमा राखेको छु, भुलेको छैन ।

सिरूको फूल टिपेर, तिम्रो सिरमै सजाउँछु,
आउन छोडी लाज भनेर, तिमीलाई बोलाउँछु ।
कसम छ तिम्रो माया अरूलाई दिनै भएन,
मनभित्र तिम्रै तस्बिर छ अरूको राख्नै भएन ।

सुन्तलाको रसै मिठो खाएपछि,
राम्रो हुन्न धेरै भाउ खोजेपछि ।
कसम छ तिम्रो माया अरूलाई दिनै भएन,
जीवनभरि साथ दिन्छु अरूलाई दिनै भएन ।

रित्तो सिउँदो भरेर, रातो सिन्दुर सजाउँछु,
अब त यसै पालि, पञ्चेबाजा बजाउँछु ।
हाम्रो प्रेमको यात्रामा, सधैँ साथमा हिँड्ने नै छु ।
कसम छ, तिम्रो माया, सधैँ हात थाम्ने नै छु ।

अरूसँग यो माया, साटेको छैन,
कसम छ अब माया, अरूलाई दिनै भएन ।
कसम छ दिउँला माया, म सँग भए जति ।
कसम छ सारा माया, जे जति भए जति ।
कसम छ तिम्रो माया, अरूलाई दिनै भएन ।



# तिमी जस्तै छौ, उस्तै रहनु

तिमी जस्तै छौ, सदा उस्तै रहनु,
तिमी सरल छौ, सधैँ स्वच्छ रहनु ।
तिम्रो बानी सीधा, तिम्रो स्वर सादगी,
त्यही निश्चलता, मेरो जीन्दगीको बन्धकी ।

मात्र हात समाती रहनु, हाँसिरहनु,
तिम्रो मुस्कानमा म मेरो संसार देख्छु ।
कहिले त्यो हाँस्नुका पछाडि लुकेको दुःख,
मैले बुझेको छु, र तिमीलाई साथ दिनेछु ।

जिन्दगीको दौडमा, म तिमी सँगै रहने छु,
हर कठिन घडीमा, म तिम्रो छेउमा बस्ने छु ।
जिन्दगीको हरेक मोडमा, म तिम्रो साथमा हुनेछु
अटुट प्रेमको बन्धनमा रहनु, मेरो सधैँको इच्छा हो ।

सादगीमा तिम्रो सुन्दरता छ,
इमानदारीमा तिम्रो पहिचान छ ।
तिम्रो सरल मन, तिम्रो श्रद्धा हो,
तिमी जस्तै छौ, उस्तै रहनु, मेरो चाहना हो ।

म छँदै छु, नि अनि म सम्हाल्छु,
तिम्रो हर आँसु, म पुछी दिन्छु ।
तिमी जस्तै छौ, उस्तै शालीन रहनु,
तिम्रो माया र दया मेरो जीवनको सहारा हो ।



# झगडा भित्र माया लुकेको छ

केवल तिमीसँग लड्ने छु,
सधैँ तिमी सँग झगड्ने छु ।
गल्तीलाई माफ गरी देऊ,
मायालाई सधैँ अँगाली देऊ ।

झगडा त प्रित हो, तिमी नबुझ्ने ?
साना तिना कुरा, मनले नसुन्ने ।
रिसले भरिए पनि, ममता गहिरो,
तिमी विना जिन्दगी सधैँ अधुरो ।

तिमी मेरो खुसी, तिमी नै दुःख,
तिमीसँग छ जीवन, रमाइलो सुख ।
गल्ती भए पनि माफ तिमीले गर,
तिमी सँगै बाँच्ने जीवन भरिको रहर ।

झगडा भित्र पनि माया लुकेको छ,
तिमी सँगै खुसी, सँगै आशा छ ।
जिन्दगीभरि तिमीलाई माया गर्छु,
झगडामा पनि तिमीलाई नै रोज्छु ।





# तिम्रो आँखामा

तिम्रो आँखामा, मेरो सपना छ लुकेको,
तिम्रो हृदयमा, मेरो नाम छ लेखिएको ।
तिम्रो प्रेमले भरिएको, कहिल्यै नटुट्ने धागो भो,
तिम्रो हाँसोले, मेरो जिन्दगीको गोरेटो सजाएको ।

सपनामा हर रात तिम्रो नाममा सजाउँछु,
तिमीलाई पाउने आशा, मेरो मनमा जगाउँछु ।
जीवनको हरेक मोडमा तिम्रै साथ रहोस्,
सधैँभरि तिम्रै साथले, यो हृदय महक रहोस् ।

तिमी नै मेरी खुसी, तिमी नै मेरो संसार,
तिमी विना यो जिन्दगी, लाग्दैन आधार ।
तिम्रो हरेक मुस्कानमा, म रम्न चाहन्छु,
तिम्रै न्यानो अंगालोमा, हरपल हराउन चाहन्छु ।

तिम्रो आगमनले, जीवनमा उज्यालो छरियो,
तिम्रो माया पाएर, मेरो हृदय बहकियो ।
हाम्रो माया, यो जन्मको मात्र होइन,
सदाको साथ दिने, बाचा हामीले गरेका हौँ ।



# प्रिय मेरो यो मनमा

प्रिय मेरो यो मनमा तिम्रै तस्बिर बसेछ,
मुटु मेरो सधैँ नै तिम्रै लागि धड्किन्छ ।
विश्वास गर या नगर, भरोसा गर या नगर,
भनी देऊ या नभनन, बुझिदेऊ या नबुझन ।

कल्पिन्छु सधैँ तिमीलाई, सम्झिन्छु सधैँ तिमीलाई,
ब्यर्थै हुने हो कि ! कल्पना मेरो सम्झना ।
छिद्रै हुने हो कि ! माया मेरो बिर्सना,
विश्वास गर या नगर, भनिदेऊ या नभन ।

तिम्रै स्वप्नमा डुबेको छ यो मेरो मन,
तिम्रै अँगालोमा अँगाल्न मन छ यो तन ।
डर लाग्छ मलाई किन ? मन काँप्छ मेरो किन ?
मुटु दुख्छ मेरो किन ? छाती पोल्छ मेरो किन ?

तिमीलाई देखे देखि नै निद्रा छैन रातमा ।
तिमीलाई भेटे देखि नै यो मन छैन साथमा ।
खालिपनको गहिराइमा डुबेको छु यादमा ।
बेहोसीको तन्द्रामा हिँडी रहेछु नशामा ।

अनिश्चितताको बादलले छोपेको छ मन किन ?
मुटु दुख्छ मेरो सधैँ, छाती पोल्छ मेरो किन ?
तिमीलाई देखे देखि नै निद्रा छैन रातमा ।
तिमीलाई भेटे देखि नै यो मन छैन साथमा ॥

# माया पाएको हो

हिजो जस्तो लाग्छ मलाई तिम्रो साथ पाएको,
हिजो जस्तो लाग्छ मलाई तिम्रो माया पाएको ।
तिम्रो माया मेरो लागि वरदान बनेको छ,
तिम्रो साथ मेरो जीवनको सारथी बनेको छ ।



तिम्रो आगमन अनि नरम स्पर्श सँगै हुँदा,
मेरो जीवन र संसार सबै रंगीन बनेको छ ।
प्रेमको यो मिठो यात्रामा तिमी सँगै हुँदा,
मेरो जिन्दगीले नयाँ रङ र खुसी पाएको छ ।

दुःखमा तिमीले दिएको साथ अनमोल छ,
सुखमा नमात्ति सम्हाली दिएको साथ अमूल्य छ ।
मायामा बाँधिएको आत्माको बन्धन न टुट्नेछ,
अँगालोमा न्यानो महसुस सबै पीर भुलेको छ ।



# माया सौतेली, झड्केलो होस्

माया सौतेली होस्, या झड्केलो होस्,
जे हुनु भइहाल्यो, बस है मिलेर दोस्त ।
हाम्रो माया चट्टान जस्तै विशाल होस्,
आँखा नलाग्ने, खुर्सानी र कागतीको दोष ।

जीवनको यात्रा, झरी र घाम जस्तै होस्,
तिमी सँगै हुँदा, मनको दर्द कम होस् ।
साँचो होस् या साँच्चिको माया, उस्तै होस्,
तर कसैको टुनामुना नलाग्ने, मन्त्र फुस्सा होस् ।

हाम्रो माया, जुगौं–जुगको कथा सरी रहोस्,
त्यसलाई नबिर्सने किताबमा सधैं दस्तावेज बनोस् ।
मायामा त दुःख र सुख, दुवैको अनुभव होस्,
तर हाम्रो प्रेम, सधैंभरि अनन्त र अमर रहिरहोस् ।

सौतेली माया होस्, तैपनि त्यो अमूल्य होस्,
झड्केलो होस्, तर माया साँचो होस् ।







# न म कसैको

न म कसैको अभावमा बाँच्छु,
न म कसैको प्रभावमा बाँच्छु ।
यो जिन्दगी मेरो आफ्नो हो
म आफ्नै शैलीमा बाँच्छु ।

म हुँ म नै हुनुमा गौरव गर्छु,
म आफैँमा एक अलग्गै पात्र हुँ ।
मलाई बुझ्न विश्वास गर्नुपर्छ,
न म कसैको नक्कल गर्छु ।
न म कसैको अधीनमा हुन्छु,
यो जिन्दगी एकल मेरै हो ।
म आफ्नै पारामा अघि बढ्छु ॥

अभिमानी मलाई नसम्झे हुन्छ,
धमण्डी मलाई नभने हुन्छ ।
मलाई चिन्न म मा नै डुब्नु पर्छ,
न म कसैको अधीनमा हुन्छु ।
न म कसैको बन्धनमा हुन्छु,
यो जिन्दगी मेरो प्रभावमा हो ।
म आफ्नै धारा म अघि बढ्छु ॥

# सबैको लागि इन्टरनेट!!

सबैको लागि इन्टरनेट, कोही नछुटोस्,
सबैलाई, सधैँको लागि इन्टरनेट ।
जस्तोसुकै भूगोल होस्, दूर होस् या नजिक,
सबै ठाउँमा फैलोस्, पहुँच पुगोस् इन्टरनेट ।

हिमाल, पहाड, तराई, हरेक ठाउँको छेउ,
शहर होस् या गाउँ इन्टरनेट, पुग्न देऊ ।
हर एक मन, हर एक सपना, इन्टरनेटले जोड्ने,
समान अवसरको बाटो, सबैलाई सँगै अघि बढ्ने ।

सबैको लागि इन्टरनेट, इन्टरनेटले कसैले नछोडोस्,
सबैको लागि एकजुट, डिजिटल नेपालमा जोडोस् ।

विद्या, ज्ञान र प्रविधिमा पहुँच,
हाम्रो अभियानमा छैन कुनै रोक ।
साक्षर बनोस् सबै, जानोस् विश्वको कुरा,
इन्टरनेटको बाटोले, उन्मुक्त गराउँछ सपना पूरा ।

तिमी, म, हामी सबैको अधिकार हो,
इन्टरनेटमा पहुँच, हाम्रो आधार हो ।
सबै जाति, सबै धर्म, सबै वर्ग समेट्ने,
सबैको साझा इन्टरनेट, एकता बुनाउने ।

"The Internet is for everyone", every heart, every hand,
Let's connect the nation, together we stand for Nepal".

सबैको लागि इन्टरनेट, कोही नछुटोस्,
सबैलाई, सधैँको लागि इन्टरनेट ।
सबैको लागि इन्टरनेट, सधैँको लागि,
भविष्य निर्माणको बाटो, सबको सहारामा,
जस्तो सुकै ठाउँ होस्, इन्टरनेट हाम्रै घर आँगनमा ।
इन्टरनेट... bridging digital divide !!!



# यसरी खुलेका छौं

यसरी खुलेका छौं हामी एक आपसमा कि,
हामीबीच अब केही गोप्य रहेनन्,
र अरू केही स्वार्थ पनि रहेनन् ।
यसरी नजिकिएका छौं हामी एक अर्कामा कि,
हामी माझ कुनै घुम्टो नै रहेनन्,
र अरू कुनै पर्दा पनि रहेनन् ।



शरीर दुई, आत्मा एक, छ हाम्रो भन्नुपर्छ र ?
साथ छ, जुनी भरिको, छ हाम्रो भन्नु पर्छ र ?
माया भित्रको मिठास, कसैले तिरस्कार गर्न सक्छ र ?
तिमी सँगै बाँच्ने सपना, मनको पन्नामा लेख्नुपर्छ र ?
आफ्ना दुखेसोहरू, तिमीलाई नसुनाई कसलाई भनुँ म ?
तिमीसँग छ जुन आत्मियता, खुसी, को सँग बाडौं म ?


तिमी आफैं भन, सम्बन्ध हाम्रो एक जनमको हो र ?
माया छ अति मनभरि, यो कुरा सबैलाई भन्नुपर्छ र ?
तिमी र म, सिमसिमे पानीमा जस्तै भिज्दै छौं,
मनका रहरहरू, अब सधैं भरि साँच्दै छौं,
हाम्रो मायामा सूर्यको ज्वाला जस्तै उज्यालो छरौं,
यो मनका सबै रहरहरू, सँगै बाँडी चुंडी भरौं ।



# निठुरी नबन न


निठुरी नबन न, तिमी पछुताउँछौ,
म पनि अब कठोर बन्छु ।
ठिकै छ, तिमी निठुरी नै बन्छौ भने,
म पनि तापस, तिम्रै तपस्यामा बस्छु ।

मैले माया तिमीलाई, साँचेर दिएको थिएँ,
सँगै साथ हिँड्ने, कसम खाएको नै थिएँ ।
तिमीले नै मलाई, दोधारमा पाऱ्यौ,
तिमीले नै मेरो मन, टुक्र्याउन थाल्यौ ।
यदि तिमी नै निठुरी बन्छौ भने,
म पनि कठोर बन्छु, प्रेमलाई अँगाल्छु ।



मेरा सारा सपना, तिमीलाई नै सुम्पेको थिएँ,
दिल, देह र हृदय, तिमीलाई नै साँचेको थिएँ ।
तिमीले नै स्वर्ग मेरो, चिहान बनाइ दियौ,
भूल केही थिएन, तिमी नै मेरो संसार थियौ ।
यदि तिमी नै निठुरी बन्छौ भने
म पनि कठोर बन्छु, मनलाई दह्रो बनाउँछु ।

मेरो मनको बगैंचामा, तिमी नै फूल थियौ,
तर तिमीले नै काँडा छरेर, मलाई रूवायौ,
मेरो विश्वासको दरबार, तिमीले नै भत्कायौ,
तर तिमीले नै विष पिलाएर, मेरो तन मार्‍यौ
यदि तिमी नै निठुरी बन्छौ भने,
म पनि कठोर बन्छु, मनलाई दह्रो बनाउँछु ।



# बेवफाको छाया

मुटुभित्र बास मागी, मन जलाउनेले,
थाहै नदिई कलेजीमा, छुरा चलाउनेले ।
हाँस्दै बिदा मागी, जाऊ भन्नै कर लाग्यो,
ऐना हेरी आफैँसँग, प्रश्न सोध्न डर लाग्यो ।

मायाका तारा थेगेकी थिएँ,
अल्झिएर बादलमा हरायौ ।
शब्दहरू तिम्रा मिठा थिए,
तर भावनामा विष मिसायौ ।

हात समाई माया गर्‍यौ,
हृदयले कहिल्यै स्वीकार गरेन ।
छाया झैँ साथ सँगै थियौ,
आत्माले कहिल्यै महसुस गरेन ।

के यही थियो तिम्रो माया ?
के यही थियो तिम्रो साथ ?
आँसु बनेर झरे म भित्र,
तिमीलाई नै परवाह रहेन ।

अब म बिर्सने कोसिस गर्छु,
मनको घाउ आफैँ निको पार्छु ।
ऐनामा हेरी हाँस्ने छु फेरि,
आफ्नै जीवनलाई माया गर्ने छु ।

गयौ भने जाऊ, तिमी फर्की नआऊ,
सपनाले होइन, सत्यले जीवन सजाऊ ।



# एभरेस्टको छहारीमा

एभरेस्टको छहारीमा, जहाँ हावा स्वच्छ बग्छ,
शेर्पिनीले सपनाहरू बुनेर, आँट गरी अघि बढ्छ ।
सानो स्पर्शले, साथ छ संसार उसको हातमा,
पहाड र घुम्ती पार गर्दै, जोड्छ नयाँ बाटामा ।

सिग्नल उठ्छ अग्लो, हिमाल भन्दा माथि,
बाधाहरू टुट्छन्, सबै सपनाहरू बाँची ।
टाढाका आवाज छैनन्, न मौनता नै बाँकी,
डिजिटल न्याय पुग्छ, हिमालले आकाशलाई छोई ।


एउटा युवाको आवाज, अज्ञात पथमा,
एभरेस्ट बन्जी, ट्रेकिङ, छ उसको आशा ।
हरेक पोस्ट, हरेक सेयरमा, बन्छ नयाँ कथा,
जहाँ सपनाहरू देख्छ, ऊ पूरा गर्ने लक्ष्य ।



पहिले थिए अवरोध, शिक्षा धेरै टाढा,
इन्टरनेटले दियो नयाँ उमंग र इच्छा ।
अब ऊ सिक्छ, ऊ उच्च सपनामा उड्छ ।
सुनौलो भोलि, संसारको ज्ञान उसको हातमा ।

सिग्नल उठ्छ अग्लो, हिमाल भन्दा माथि,
बाधाहरू टुट्छन्, सबै सपनाहरू बाँची ।
टाढाका आवाज छैनन्, न मौनता बाँकी,
डिजिटल न्याय पुग्छ, हिमालले आकाशलाई छोई ।

अब टाढाका आवाज छैनन्, न मौनता बाँकी,
डिजिटल न्याय पुग्छ, हिमालले आकाशलाई छोई ।





# मेरो विदेशी साथी

फेरि भेट होला कि न होला ? समयले टाढा लग्यो,
मुटु भित्र छोपी राखैँ, ती दिनहरू सुन्दर थियो ।
*Will we ever meet again, Time has pulled us apart,*
*But I keep those days alive, deep inside my heart.*

परदेशमा पहिलो भेट, अनजान थियौं हामी,
तर हाँस्दै, बोल्दै, साथी भयौं जानी नजानी ।
***Strangers in a foreign land, not knowing where to stand,***
***But we laughed, we talked, and built a bond so grand.***

समयले बदले हाम्रा बाटा, तर माया उस्तै छ,
सँगै बिताएको हरेक पल, मनमा सधैँ रहि रहन्छ ।
***Though time may take us far apart, the love will never fade,***
***Every moment that we shared, will always be replayed.***

सँगै हाँस्यौं, सँगै गयौं, नयाँ सहर घुमे,
अब तिमी टाढा छौं, सम्झनामा भेट्नुछ ।
***We walked the streets, we laughed so much, exploring the unknown,***
***Now you're gone, but in my mind, our memories are shown.***

एउटा खालि कुर्सी छ, जहाँ बस्थ्यौं हामी,
समयले बदले सबै, तर मेरो ह्रदयमा तिमी ।
***An empty chair, where you once sat, now feels so cold and still,***
***Time has changed the world around, but in my heart, you're real.***

फेरि भेट होला कि न होला ! समयले उत्तर देओस्,
जुनसुकै ठाउँमा भए पनि, मन कहिल्यै टाढा नहोस् ।
***Will we ever meet again, Let time answer this call,***
***No matter where we are, my friend, our hearts will never fall.***

तिमी जहाँ भए पनि, सम्झना रहोस् साथ,
फेरि भेट्ने आशामा, बाँच्ने छ स्मरणीय याद ।
***No matter where you are, you'll always be in my mind,***
***Until the day we meet again, our memories will shine.***



# जीवन बुझ्ने यात्रा

अस्वस्थ रोगीमा देखेँ लुकेको पीडा,
स्वास्थ्य विना के नै छ जिन्दगी ।
धनले किनिन्न श्वासको मूल्य,
बाँच्न सक्नु नै छ सबै भन्दा ठूलो प्राप्ति ।

कारावास भित्र कैदीले भन्छन्,
आजाद नै सबभन्दा अमूल्य धन ।
एक गल्तीले बदलिन्छ है जीवन,
बितेका क्षण, समय कहिल्यै फर्किंदैन ।

मसानका बाँस र ढुंगाहरू बोले,
सबैको यात्रा यहीँ आएर टुंगिन्छ ।
आजको जमिन भोलि छानो बन्नेछ,
माया बाँड, राम्रो गर, जीवन बाँच्नु छ ।

हाँस, खेल, रमाऊ, माया गर सबैलाई,
पश्चाताप नहोस् है अन्तिम घडीमा ।
आज छौं, भोलि हुनेछ मात्र सम्झना,
प्रेम र कर्मले सजाउँ जीवनका सपना ।

# सानिमा बैंक - सबल अनि विश्वसनीय,

सानिमा छ नाम हाम्रो, सबल अनि विश्वसनीय,
सातै प्रदेशमा फैलियो, नेपालीको गौरवशाली ।
सानिमा छ उच्च नैतिकता, सुशासनको आधार,
ग्राहकको सपना पूरा गर्दै, सधैँ छ सबै तयार ।

विश्वास र सेवामा सधैँभरि अगुवा,
ग्राहकका सपना पूरा गर्ने छौं दुवा ।
नियम, निष्ठा, सुशासनको आधार,
सानिमा परिवार छ, सधैँभरि तयार ।

सानिमा बैंक – सबल अनि विश्वसनीय,
सपना बुन्छ, भविष्यको उज्यालो ।
नवीनता अँगालेर, विश्वासको साथी,
सानिमा बैंक छ, सधैँ प्रगतिको पथी ।

ग्राहक, कर्मचारी, लगानीकर्ता हाम्रो शक्ति,
समुदायका लागि सधैँ राख्छौं उत्कृष्ट नीति ।
वित्तीय सेवा फराकिलो, समाधान सुलभ,
सानिमा छ विश्वासिलो, हाम्रा पाइलाहरू दृढ ।

हर एक नियामक, हरेक समुदायका लागि,
हामी सधैँ नयाँ बाटो खोज्दै, सबै जागी ।
भविष्यको लक्ष्य, 'विश्वसनीय बैंक' बनौं,
देशको समृद्धि, हामी सँगै अगाडि बढौं ।

नियम अनि निष्ठामा, हामी अडिग छौं,
विश्वसनीय सेवामा, सधैँ अगुवा छौं ।
सानिमा बैंक, नेपालीहरूको अभिमान,
ग्राहकको खुसीमा बन्छ, हाम्रो पहिचान ।

आर्थिक समृद्धिको सपना साकार गर्छ,
हर योजना सफल, सधैँ नाफामुखी बढ्छ ।
सानिमा छ अग्रणी, उच्च नैतिकता साथ,
देशको प्रगति र विकास हामी सबैको आड ।





# फेरि त्यो पल याद

फेरि त्यो पल याद आउन थाल्यो,
फेरि त्यो दिन याद आउन थाल्यो ।
जति बिर्सन खोज्छु, उति गहिरो बन्छ याद,
जति निदाउन खोज्छु, उति जाग्छ तन साथ ।

यो के भैरहेको छ मलाई ? न भोक, न प्यास
यो के भैरहेको छ मलाई ? न भोक, न प्यास

आज अचानक तिम्रो यादले सताउन थाल्यो,
बिछोडको पीरले मुटुमा घाउ बनाउन थाल्यो ।
सम्झनाको झिल्कोले यो मनलाई पोल्न थाल्यो,
तिम्रो नामको स्वरले फेरि सबै कुरा खोल्न थाल्यो ।

तिम्रो हाँसोको झझल्कोले, मनलाई झस्काउँछ,
तिम्रो स्पर्शको अनुभूति, हृदयलाई तड्पाउँछ ।
छोड्न खोज्दा पनि, झनै नजिक आउँछ तिम्रो याद,
तिम्रो मायाविना, जिन्दगी बारम्बार अधुरो लाग्छ ।

# पिरती लाउँ

घर मेरो त्यहीँ तल तोरी फुल्ने गाउँ
ज्वाइँ मेरो नाउँ कान्छी पिरती लाऊँ
हे कान्छी... हे कान्छी... हे कान्छी...

भातै खानु मार्सी चामल तिउन खानु लौकी,
माया लाउँछु त भन्छे नि मोरी बैमानी पो छौ कि ।

ठूलो ढुंगो ओल्टाई पल्टाई सानो ढुंगो लोरो,
यसैपालि लान्छु तिम्लाई आगौं पाउली छोरो ।

ए गाँठे रायो, मुला, तोरीलाई,
लैजान्छु नक्कली मोरीलाई ।
काली काली नक्कली मोरीलाई ॥

हे कान्छी... हे कान्छी... हे कान्छी...





# यो साँझ मस्ती

यो साँझ मस्ती, चल्यो शीतल हावा,
मनमा फुल्यो प्रीतिको ताजा सवा ।
ताराहरू चम्किए, आकाशमा खेल्दै,
नयन झिम्काउँदै, उज्यालो बाल्दै ।

बग्छ सुगन्धित चम्पा-पाती,
सुनिन्छ गीत मिठा राति ।
चन्द्रमुखी याद आउछ अनुहार,
रंगीन सुमधुर बनायो यो साँझ ।




फूलबारी सजिन्छ  तिमी सँग हुदा,
तिमी विना साँझ हुन्छ बेरङ सदा ।
हावामा बहन्छु म, मन्द मुस्कानमा,
रमाउँछ मन यो, प्रीतिको सम्झनामा ।

यो साँझ मस्ती, तिम्रो अंगालोमा,
गाउँछु गीत, प्रेमको भावनामा ।
शितल बतासले, छुन्छ यो तन,
तिमी विना अधुरो लाग्छ जीवन ।

साँझ ढल्दै छ, तिमी आउने आशामा,
मनले खोज्दै छ तनको आभासमा ।
छायो न्यानोपन, भोगको सम्भोगले,
तिमी आए सारा सृष्टि रमाउँछ मजाले ।





# नदीको किनारमा

नदीको किनारमा सम्झी बसेँ,
तिम्रो नाम बालुवामा लेखेँ ।
छालहरू आइपुगे बगाई मेटाए,
मनले तिमीलाई भुल भनि पठाए ।

नदीको छालले तिमीलाई पुकार्छ,
मेरो मन जस्तै कहिल्यै रोकिँदैन ।
हावाले तिम्रो नाम बोकेर ल्याउँछ,
तर तिमी कतै टाढा पनि देखिँदैन ।

हो, यो नदीको बहाव जस्तै,
मायाले निरन्तर बगि रहनेछ ।
हामी छुट्टियौं, तर समयले मान्दैन,
प्रेम नदी बनेर सधैँ बगि रहनेछ ।

बालुवामा लेखेको वाचा मेटियो,
मुटुमा कुँदिएको वचन कहिल्यै मेटिँदैन ।
नदीले सन्देश बोक्छ हरेक छालमा,
तिमीसँगै बिताएका पलहरू कहिल्यै हराउँदैन ।

हो, यो नदीको बहाव जस्तै,
मायाले निरन्तर बगी रहनेछ ।
हामी छुट्टियौं, तर मनले मान्दैन,
प्रेम नदी बनेर सधैँ बगी रहनेछ ।





# समुद्रको छालले

समुद्रको छालले सोध्छ, कहाँ गयौ तिमी किन आएनौ ?
आकाश मौन छ बादल कालो, मन तिम्रो यादमै छायो ।
हावाको लहर सुनसान छ, अनि मायाको गीत अधुरो भो,
तिमी हाँस्दा घाम झुल्केथ्यो, आज अँध्यारो मात्रै छायौ ।

समुद्र सँगै बोलि रहन्छ, तिमी सम्झी रूँदै बग्दछ,
अनन्त आकाशमा खोजिरहन्छ, सपनाभित्र पुकार बढ्दछ ।
हतेलीमा लेखुँ नाम तिम्रो, तर लहरले मेटाइहाल्छ,
शून्य यो संसार छ, मन तिमीलाई नै खोजी बेहाल छ ।

कहिले कहीँ हेर्छु आकाश, बादलमा रूप तिमी जस्तो,
समुद्रमा डुब्छु म चुपचाप, खोजी रहन्छु खनिज यस्तो ।
समय बित्ला, सम्झना होला, तर मनले तिमी नै खोजिरहन्छ,
यो पुकार अनन्त बनोस्, प्रेम सधैँ भरिलाई अमर रही रहोस् ।



# समुद्रको किनारमा

समुद्रको छेउमा, मेरो मायाको पुकार छ,
तिमी विना यो मन सधैँ अधुरो भाको छ ।
सपनीमा तिमी नै छौ, सम्झनामा सधैँ छौ,
लहराको छालले सँगै सधैँ बगाकै छ ।


छालै छालमा गुन्जिन्छ तिम्रो नै नाम,
हावाले लेख्दछ प्रिय तिम्रै सन्देश थाम ।
भावना बोल्छन् मौन लहरले घेरिएर,
तिमी नभए बाँच्न, के सक्छु एक्लो भएर ।

जलपरी झैँ झुल्किन्छन् अनायास समुद्रमा,
एक्कासि विलिन हुन्छे, पानी मुनी गहिराइमा ।
उज्यालोमा तिमी थियौ, निलो जलको छायामा,
मायाको सपना हराए झैँ लाग्छ अचानक पानीमा ।

समुद्रको छेउमा प्रिय तिमीलाई नै पुकार छु,
मनको गहिराइमा तिम्रै नै मायालाई राख्छु ।
तिमी नभए यो संसार शून्य झैं लाग्छ,
तिमीलाई समुन्द्रको गहिराइ सरि मुटु भित्र राख्छु ।

# पहाडको टुप्पोमा

पाइलाहरू बढ्दै, उचाइ चढ्दै,
माथि पुग्दा, मुटु धड्किँदै,
सुनौलो घामको किरणले,
अँगाल्यो मलाई बतासले ।



हरिया वनहरू, रूखका स्याहार,
गुँडमा चिरबिर चरा पुकार,
नदीको कलकल, झरनाको धुन,
पहाड चढ्दा सुने मनको जून ।

ओ...! टुप्पोमा पुगेँ, बादललाई छोएँ,
निलो आकाशले प्रेमको गीत गाए,
हावाले कानैमा सुटुक्क केही भन्यो,
यो नै हो सृष्टिको सबै भन्दा सुन्दर रङ ।

हिउँले ढाकेको टाकुरा अग्लो,
त्यहीँ उभिएर मन बन्यो हलुका,
दूरसम्म फैलिए हरियाली,
यो धर्तीको अनुपम शृंगार भारी ।

यी हावाले छोइएका स्पर्शहरू,
यी गगनले चुम्बी शिखरहरू,
मन भन्छ– यहाँ रोकिऊँ कि,
यो सुन्दरताको संगत हेरी रहूँ ।

ओ...! टुप्पोमा पुगेँ, बादलले छोएँ,
निलो आकाशले प्रेमको गीत गाए,
जीवनको अर्थ यहीँ छ लुकेको,
यो प्रकृति नै हो, मेरो मुटुको स्पर्श ।

पहाड बोल्छ, बतास गुन्जिन्छ,
संसारकै सुन्दरता यहीँ लुकेको छ ।



# यात्रा र जीवन

घाम झुल्कियो, नयाँ बाटो खुल्यो,
हावा सँगै मन उड्न थाल्यो ।
पाइलाहरूले कथा लेख्दै छन्,
जीवनको गीत गाउन थालेछन् ।

कहाँ पुऱ्याउँछ यो बाटो, थाहा छैन,
तर पाइलाले भन्छन्- डराउनु पर्दैन ।
कहिले चट्टान, कहिले नदी नाला,
साहसले नै काटिन्छन् हिमाल पहाड ।

चल हिँड साथी, हाँस, गाऊँ,
हरक्षणलाई आनन्दले सजाऊँ ।
जीवन भनेको यात्रा नै हो,
हर मोडमा रमाइलो मनाऊँ ।

हिँड्दा सिकिन्छ नयाँ पाठ,
दुःख र सुख, दुवैको साथ ।
बादल झैँ दौडन्छन् सपनाहरू,
हावा बन्छन् मीठा सम्झनाहरू ।

हाम्रो गन्तव्य टाढा होला,
तर मन कहिल्यै एक्लो नहोला ?
संगीतमा, प्रेममा, सपनामा,
सधैँ रहोस् यो यात्राको गानामा ।

पथ घुमि रहन्छ, बाटो नसकिन्जेल,
उज्यालो आशाले मन भरिन्छन ।
हिँड्दै गरौँ, रमाउंदै हाँस्दै गरौँ,
यो जीवनलाई प्रेमले जिउँदै गरौँ !





# बादल झैँ मन

बादल झैँ बग्छ माया, जहाँ जहाँ तिमी छ्यौ,
घाम लागे टाढा जान्छ, मुटु भित्र बसी रहछ्यौ ।
छाया बनेर पछ्याउँछ, तिमी जता-जता हिँड्छ्यौ,
सपना भरि बाँच्न खोज्छु, तिमीलाई नै अँगाल्छु ।

निलो आकाशले माया लेख्यो, हाम्रो नामसँगै,
पानी झरिरहन्छ, प्रेमको मधुर गान सँगै ।
हावा चलिरहन्छ, तिमी नजिक आई रहन्छ,
जीवन भरि तिमीलाई, मुटुमा बसाइ रहन्छ ।

हावामा तिम्रो हाँसो सुन्छु, सपनामा मिठो सुर सुन्छु,
समय जति बिते पनि, यो माया कहिल्यै पुरानो हुन्न ।
तिमी विना खालि बादल झैँ, मनको आकाश अँध्यारो,
तर तिम्रो प्रेमले भरिन्छ, बन्छ जिन्दगीको उज्यालो ।

यदि तिमी आकाश हौ भने, म तिम्रो निलो रंग,
यदि तिमी पानी हौ भने, म तिम्रो मीठो तरंग ।
यदि तिमी हावा हौ भने, म तिम्रो सुगन्ध,
तिमी बिना अधुरो छ, तिमी नै मेरो आनन्द ।

बादल जस्तै म बदलिन्छु, तर प्रेम बद्लिँदैन,
हावा जस्तै म उड्छु, तर तिम्रै वरिपरि घुम्छु ।
पानी जस्तै म बस्छु, तिम्रो मायामा हराउँछु,
निलो आकाश गवाही छ, सधैँ म तिम्रै नै हुन्छु ।



# सपना र कल्पना

सपना आउँछ रात पख,
कल्पना जाग्छ बिहानी पख ।
सपना देख्छ आँखाले,
कल्पना खेल्छ भावले ॥

सपना बन्छ बाटो झैँ,
कल्पना बन्छ पाटो झैँ ।
सपना भित्र आश हुन्छ,
कल्पना भित्र सास हुन्छ ॥

सपना साँच्न श्रम गरिन्छ,
कल्पनाले क्रान्ति भरिन्छ ।
सपना लाज नमान है,
कल्पना सँग जान है ॥

सपना हो संसारको मूल,
कल्पना हो साहसको फूल ।
सपना बन्छ गति सरी,
कल्पना बन्छ शक्ति धरी ॥






# म जस्तो छु

म जस्तो छु, जीवन पनि उस्तै हुन्छ,
मनको छायामा समयले चित्र कोर्छ ।
रगतले लेखेको आत्मा कथा हो यो,
जहाँ म छु, त्यहीँ जीन्दगी पनि हुनेछ ।

कहिले छ हाँसो, कहिले छ त आँसु,
कहिले मौनता, कहिले साहसको बात ।
सपना भित्रको यथार्थ वास्तविक खोज्दै,
आफ्नै रङ्मा जीवनको रंगीन चाल चल्दै ।

म जस्तो छु, जीवन पनि उस्तै हुनेछ,
मुटुको ढुकढुकी जस्तै साँचो र गहिरो हुन्छ ।
न रोकिएर बग्छ, न डराएर हार खान्छ,
म जस्तो छु, जीवन त्यस्तै सहजै बित्छ ।

म जस्तो छु, स्वीकार गर यो जीन्दगीलाई,
जीवन सफल हुन्छ, तब मायामा बाँधिनलाई ।
थोरै कमजोरी होला, धेरै आशाको अपेक्षा,
म जस्तो छु, जीवनको वास्तविकता त्यस्तै हुनेछ ।



# चेपाङ गाउँमा

चिउरी फुल्ने वनको छायामा,
चेपाङ गाउँमा आशा छाएको छ ।
इन्टरनेटको घाम झुल्कियो,
ज्ञानको उज्यालो फैलिएको छ ।

पहाडका काँडाहरू हिँड्दै,
हामीले सपना बोकेका थियौं ।
सिप, शिक्षा, चेतनाको साथ,
नयाँ बाटो खोजेका थियौं ।

इन्टरनेट आयो, संसार बदल्न,
चेपाङ गाउँमा उज्यालो फैलिन ।
ज्ञानको ढोका खुल्दै जान्छ,
हाम्रो सपना साकार बन्दै जान्छ ।

साना-ठूला, सबै जुट्यौं यहाँ,
हाम्रो आवाज हामीले सुनायौं ।
इन्टरनेट सोसाइटीको साथ,
हाम्रो गाउँ उज्यालो बनायौं ।



सीप बढ्दै, शिक्षा फैलाउन,
बालबालिकाले नयाँ सपना देख्दै ।
डिजिटल संसारले जोड्यो हामीलाई,
अब पछि फर्किने बाटो छैन हामीलाई ।

आज हामी अघि बढ्दै छौं,
नयाँ युगको सन्देश लिएर ।
चेपाङ समुदाय उठ्दै छ,
भविष्यको उज्यालो मनमा राखेर ।



# उनकै नाममा

उनकै नाममा यो मेरो मनको गीत रच्दै छु,
जसलाई म आफूभन्दा अति बढी मन पराउँछु ।
उनकै नाममा म यो प्रेमको पाना कोरदै छु,
उनकै लागि जीवन नै अर्पण गरी बाँच्दै छु ।

बग्दै जान्छ समय, परिवर्तन हुन्छ संसार,
मेरो मनमा, उनी नै रहने छन सधैंलाई प्यार ।
उनकै नाममा मेरो यो जीवन सुम्पी रहनेछु,
जसलाई म आफू भन्दा अति बढी मन पराउँछु ।

माया साँचो छ, साथ कहिल्यै टुट्न दिइने छैन,
हरेक जन्ममा उनीलाई नै रोज्ने अठोट गर्ने छु ।
बग्दै जान्छ समय, फेरिन्छ रूप यो संसारको,
तर मनमा उनी नै रहनेछन् सधैं भरि प्यारको ।

उनकै नाममा म यो गीत लेख्दैछु,
उनकै लागि जीवन समर्पण गर्छु ।
माया साँचो छ, साथ कहिल्यै छोड्ने छैन,
हर एक जन्म जन्ममा उनीलाई नै रोज्छु ।

# प्यासी यो मन !

तिम्रो भिजेको तन, मेरो तिर्खा मन,
तिम्रो कोमल स्पर्शले चसक्क हुन्छ ।
तिमी विना एक्लो र अधुरो छ जीवन,
तिमी मेरो तिर्खा, म तिम्रो वर्षा...॥

तिम्रै... नै... हुँ... म हुँ प्यासी हो ।

तिम्रो सम्झनाले सताउँछ हर रात,
सपनामा आउँछयौ, सिँगार सुन्दर साथ ।
निरस भयो जिन्दगी, आशा अझै बाँकी छ,
भोकभोकै, सबै आशा सहेर पनि बाँचेकै छ ।

आज न निदाउँछु म, न निदाउनेछौ तिमी,
तिमीमा हराउन देऊ, तिमीलाई पाउन देऊ ।
यो साथ अनि यो रात सधैँभरि सम्झना रहोस्,
तन र मनको भोक, दुई आत्मालाई मिल्न देऊ ।



# वसन्त ऋतु आयो

वसन्त आयो बगैँचामा, फूलले भन्यो माया,
तिमी विना यो हावामा, खल्लो लाग्छ छाया ।
गर्मीमा घामले पोल्छ तन, तिमी हौ शीतल क्षण,
तिमी बोलेझैँ लाग्छ तब, फुल्यो बोलीको बाण ।



पानी परे झैँ झरझर, याद तिम्रै आउँछ,
तिमी हौ मेरो सावन, जुन मनभित्र भरिन्छ ।
शरदको चन्द्र झैँ तिमी, उज्यालो मुस्कान,
हेर्छु तिमीलाई नै हेर्दै, बिर्सन्छु सारा जहान ।

घाम जस्तै तिमी न्यानो, जाडोले छुन्न हृदय,
सुनौलो त्यो साथ तिमी, मिठो माया लय ।
शिशिरको हिउँ जस्तै, तिम्रो प्रेम स्वच्छ सफा,
तिमी विना यो जीवन, अधुरो लाग्छ सबै कथा ।



# चन्द्रलोकको यात्रा

पृथ्वीले थिच्यो मुटु, स्वास फेर्न गाह्रो भो,
परजीवीको दुनियाँमा, बाँच्नु भन्नु लाज भो ।
त्यसैले हामी चाहयौं, नयाँ संसार रचौं,
चन्द्रको उज्यालोमा, नयाँ घर अब सजाऔं ।



ताराहरू मुस्कायो, जब उडेँ अनन्तमा,
नक्षत्रले बाटो देखायो, पुगेँ चन्द्र गगनमा ।
शून्य गुरूत्व बग्छ जहाँ, मन पनि हलुका हुन्छ,
त्यो शान्ति, न्यानोपन, स्वप्न जस्तै साँचो छ ।

न हल्ला, न युद्ध, न रिस, न त इर्ष्या डाह,
केवल प्रेम छ त्यहाँ, मिठासको सन्देश वाह !
शीतल उज्यालो छायाले, मनको बोझ बगायो,
भोलिको विश्व कल्पना, यहीँबाट सुरू गरायो ।

फर्कन्नँ अब म पृथ्वीमा, त्यो लोभको कारागार,
चन्द्रलोकमा बग्छ जीवन, प्रेम र शान्तिको धार ।
नयाँ युगको परिकल्पना, तिमी–हामी बनाऔँ,
छायाबाट उज्यालोमा, मिलेर संसार बसाऔँ ।

चन्द्रलोकको धरतीमा, साँचो सपना फुल्छ,
जहाँ मुटु स्वच्छ हुन्छ, त्यहाँ मन प्रफुल्ल हुन्छ ।
पृथ्वीका यी पीडाहरू, भुल्ने छ सबै व्यथा,
नयाँ जीवन, नयाँ बाटो, यही हो हाम्रो गाथा ।





# जीवन रंगमञ्च नाटक हो

जीवन रंगमञ्च नाटक हो, सबैले खेल्छन् भाग,
हाँसो, रूवाइको अनुभव, लेख्दछ समय जाग ।
नाचगानको जोश छ, झन्किन्छ मनको तार,
कलाले सजाउँछ तन, दिन्छ हर्ष अपरम्पार ।

रङ्गीन सपना बुन्छ, कल्पनामा चित्र कोर्छ,
माया बोल्छ चुपचाप, भावनामा गीत फुर्छ ।
सुख–दुःख मिसिन्छन् यहाँ, अन्तिममा पर्दा झर्छ,
कलाको त्यो सम्झना, प्रस्तुती कलाकारीमा भर्छ ।

गाऔं माया सन्देश, जलाऔं उज्यालो दीप,
कलाले बन्छ जीवन, सुगन्धले भरिएको सीप ।
जीवन रंगमञ्च हो, कला आत्माको गीत हो,
प्रेम र आशा झल्किन्छ, लय र भावमा मीत ।

जीवन मञ्च हो रंगीन, नाचौं गाऔं सँगै,
कला–प्रेमको उज्यालो, फिजाऔं जतातते ।



# मेरी सानी छोरी



मेरी सानी छोरी, काखैमा हुर्किन्थ्यौ,
मुटुको धडकनझैं, सासैसँगै हुर्कियो ।
तिमी ठूली भयौ, सपना बोकी उड्न थाल्यौ,
बाबाको मुटु भित्र, डरको बादल उम्रिन थाल्यो ।

समात्थ्यौ औंलामा, 'बाबा जाऊँ है !' भन्थ्यौ,
आँशु आयो भने, मेरै काँधमा थकाई माथ्यौं ।
छोरीको मिठो हाँसो, अहिले पनि गुञ्जिन्छ,
तिमी टाढा हुँदामा, बाबा एक्लोझैं लाग्दछ ।

सपना त देख है छोरी, आकाश नाप है छोरी,
दुनियाँ कठोर छ, लग्ला है फूल जस्तै चुँडी चोरी ।
बाबा त अझै त्यहीँ छ, जहाँ तिमी निदाउँथ्यौ,
डर लाग्छ, समय सँगै मायाको दूरी बढ्छ कि ।

जहाँ पुगे पनि छोरी, बाबा सम्झिनु जहिल्यै,
मेरो माया साथ हुने छ, जूनझैं चम्किनु सधैं ।
तिमी स्वतन्त्र पन्छी हौ, उड्नु नि स्वाभाविक छ,
बिर्सिएर नजाऊ, काफी महत्व अझ बाँकी छ ।

छोरी, तिमी ठूली भयौ, तर बाबा उस्तै छ,
मायाको त्यो पहरा अझै, तिमी वरिपरि नै छ ।
टाढा भयौ भने पनि, माया मन भित्रै साथ छ,
तिमी मेरो अस्तित्व हौ, जीवन भरि साथ छ ।

# परिवारको साथ

बिहानीको घाम झैँ तिमी,
साँझको जून झैँ उज्यालो ।
सबै नाताहरू माया, ममता,
सारा परिवार नै प्यारो ।

परिवार हो हाम्रो संसार,
साथ छ, जहाँ छ प्यार ।
दुःखमा संगी, सुखमा संगी,
जीवन भरि रहोस् उपहार ।


खुसी साट्ने हात तिमी,
सपना बुन्ने साथ तिमी ।
छोटो छ है, यो जीवन,
तिमी नभए के नै हुन्थ्यौँ हामी ।

परिवार हो हाम्रो संसार,
साथ छ जहाँ, छ प्यार ।
दुःखमा सङ्गी, सुखमा साथी,
जीवन भरि रहोस् उपहार ।

बिर्सन सकिन्न, त्यो सानो झगडा,
र झन् मिठो मिलनको त्यो पल ।
हाँसो, आँसु, सम्झना सारा,
परिवार बन्छ जीवनमा साथ ।









# सम्झनाका पत्र

टाढा छौ तिमी, मनमा तिमी नै,
हरपल तिमीलाई सम्झिरहेछु मै ।
चिठी लेखुँ कि, आँसु झारौं कि,
तिमी विना जिउनै गाह्रो भयो ।

माया धेरै धेरै, सम्झना थुप्रै,
यो मनको कुना तिमीले नै भऱ्यौ ।
टाढा भए पनि, नजिक लाग्छौ,
प्राणमा तिमी सधैं सधैं बस्यौ ।

चन्द्रमा हेर्दा तिमी सम्झन्छु,
हावासँग तिमी सम्झी बोल्छु ।
तिमी हाँस्दा अप्सरा झैं लाग्छ,
तिमीसँगै हुँदा रमाइलो लाग्छ ।

घामपानी जस्तो तिमीसँगको माया,
एक्लो छु, एकोहोरो हेर्दैछु छाया ।
केही सन्देश पठाऊ, कुनै खबर सुनाऊ,
तिमीविना जीवनको छैन केही अस्तित्व ।



# भक्ति नै सत्यको बाटो हो

भक्ति नै सत्यको बाटो हो,
मन शुद्ध पार्ने आरम्भ हो ।
लोभ र मोह सबै हटाउँछ,
प्रेम र सत्यमा लिप्त गराउँछ ।

धन, दौलत त आउँदै जान्छ,
नाम, यश, कीर्ति पनि हराउँछ ।
तर मनको साँचो आवाज,
भक्ति बनेर कहिल्यै हराउँदैन ।

हे प्रभु, तिमी नै हौ सहारा,
तिमी विना छैन कुनै प्यारा ।
भक्ति गर्छु, नतमस्तक हुन्छु,
तिमी नै जीवनको किनारा ।

धन सम्पत्तिले मन भरिँदैन,
झूठो शानवान सधैं रहँदैन ।
तर साँचो प्रेम र भक्तिमा,
आनन्दको स्रोत कहिल्यै सकिँदैन ।

हे प्रभु, नाम लिऊँ नित्य बिहान,
साँचो पथमा लागौं समाधान ।
धन दौलत छोडी प्रभुको ध्यान,
भक्ति नै हो जीवनको बिहान ।





# बिछोडको वाचा

एकल थिएँ म, एक्लो थियौ तिमी,
घरभित्र थुनिएका दुई आत्मा जस्तै ।
सपनामा भेट हुन्थ्यो सधैं रातमा,
जिन्दगीमा बिछोड सहनु पर्‍यो साथमा ।

दायित्व थियो जिम्मेवारी काँधमा,
परिवारका सपना बोकेका थियौं ।
मन चोखो थियो, माया शुद्ध थियो,
तर प्रेमलाई रोक्ने बाधा धेरै थियो ।

म कुरी बसेको थिएँ, न त तिमी आयौ,
कर्तव्यको गहिरो भारीले बाटो बदलियो ।
माया, साथ नपाए पनि सम्झना बाँकी रह्यो,
बिछोड भए पनि चोखो प्रेम शुद्ध नै रह्यो ।

तिमीले रोज्यौ पैसा, धन सम्पती सहुरत,
तर मैले छाने माया ममता र प्रतिष्ठित ।
तिम्रोले ढोकाको प्वालबाट आँखाले पछयाइयो,
म तिमी आउने अपेक्षामा बाटो हेरी पर्खी बसें ।

न कहिल्यै भन्न सक्यौं- हामी एक हौं,
न कहिल्यै हुन सक्यौं भविष्य हाम्रो सँगै ।
तर माया हर पल साँझमा सम्झी रहोस्,
हाम्रो अधुरो प्रेमको कथा अमर रहिरहोस् ।

सपना अधुरो भए पनि, प्रेम अझै गहिरो छ,
साँच्चै माया कहिल्यै मनबाट सकिँदो रहेनछ ।
एकल मनभित्र अझै छौ, मात्र एकल तिमी,
तिमीले अपनायौ बाटो बिछोड हुन हामी ।





# आस्थाको उज्यालो

ईश्वरमा आस्था राख्नेले,
अन्धकार हटाउँछ पथमा ।
मनले जब शुद्धता पाउँछ,
सत्यको ज्योति आउँछ हृदयमा ।

विश्वास बनाउँछ आधार,
कर्मलाई दिन्छ नयाँ धार ।
प्रेम, करूणा, शान्ति, सेवा,
यी नै हो स्वर धर्मका भाव ।

कसरी सार्थक बनाउने ?
जीवनको यो अनमोल कला,
आस्था र उद्देश्य जोडी,
नैतिक बाटो हिंड्नु छ भला ।

ईश्वरको साथ छ सदा,
जो सत्य र कर्ममा टिक्ला ।
भोग भन्दा योग महान,
ध्यानैमा छ सुखको झल्का ।



# चिन्ता भो

म पाउने आशामा थिएँ,
पाउन नसक्नु चिन्ता भो ।
आँखा टोलाउँछन् रातभरि,
निदाउन नसक्नु गाह्रो भो ।

हराएको सपना झल्किन्छ,
पल–पलमा आशा हराउँछ ।
मनले बुझाउँछ यो मनलाई,
माया फेरि किन रिसाउँछ ।

कसरी भनुँ यो व्यथा म,
शब्दले धानेन भावनाहरू ।
हाँसो भित्र लुकेका पीडा,
छ जीवनमा अदृश्य छाया ।

कुरा त सबै गर्छन् खुसीको,
तर मन कहिले हुन्छ शान्त ?
छातीमा ढुङ्गा बोकी बाँच्छन,
कसरी हुन्छ सुखी र खुसी ?

पाउने र नपाउने बीचमा,
चिन्ताले रच्यो फरक पुल ।
जिन्दगी एउटा मौन कथा हो,
आशा मात्र छ, उत्तरको खुला ।

# स्क्रिनको संसार

हातमा मोबाइल, आँखा गाडिएको स्क्रिनमा,
घरभित्र बस्दा पनि, छैन नजर एक–अर्कामा ।
बोल्नु भन्दा पहिले, पहिला लेखिन्छ मेसेजमा,
साँघुरो भयो संसार, टाढियो साथीभाइ परिवार ।

इन्टरनेटको जालोमा, छ बाँधिएका मनहरू छन्
साथी धेरै फेसबुकमा, तर एक्ला छन् तनहरू ।
रातभर जाग्राम टिकटकमा, बिहान निद्रा छुट्दैन,
पढाइ लेखाइ एकातिर, भोक र प्यास लाग्दैन ।

आमाबुबा बोलाउँछन्, छोरा–छोरी झर्किन्छन्,
मोबाइलमा व्यस्त जीवन, घरको न्यानोपन हराउँछ ।
मनको कुराहरू भुलिन्छ, स्टाटसमा झुन्डिन्छ,
सहज हाँसो हराउँछ, फिल्टरमा अनुहार टाँसिन्छ ।



जोडिएको जस्तो लागे पनि, टुटेका छन् सम्बन्धहरू,
पावादेखि पर्वसम्म, फोनकै फ्रेममा छन् अनुहारहरू ।
सजिलो त भयो संसार, तर आत्मा हो कि क्युआर कोड ?
याद गरौं पुर्खाको सन्देश, माया बाँच्छ, राम्रो व्यवहारले ।

समय बदलिएको छ, हामी पनि समयसगैं बदलिन सिकौं,
प्रविधिमा आत्मा मिसाइ, साँचो भरपर्दो सन्देश बनाऔं ।
सामाजिक सञ्जाल कम गरेर, आँखामा आँखा जुधाऔं,
इन्टरनेटको दुनियामाँ मात्र होइन, जीवन आफैं रमाऔं ।





# ब्रह्मकमल फूल हौ तिमी

रातकी रानी, ब्रह्मकमल जस्तै,
फुल हौ तिमी, मनभित्र मुस्काउने ।
शब्द विना पनि, गुन गुनाउने,
मेरो मौन जीवनमा रङ सजाउने ।

तिमी हावामा बग्ने सुगन्ध सुवास हौ,
विना देखिए पनि महसुस गरिन्छ ।
मेरै हृदयमा राखिएको शुद्ध पूजा हौ,
जहाँ श्रद्धा प्रेममा परिणत गरिन्छ ।

हौ... रातकी... रानी... हौ... तिमी .
हौ ब्रह्मकमल..जस्तै..फूल..हौ..तिमी.

न आँखाले देख्न सकिन्छ तिमीलाई,
न शब्दले बाँध्न सकिन्छ कथालाई ।
तिमी त मेरो लागि अनुभूति मात्र हौ,
तिमी त पवित्र, शुद्ध, गहिरो माया हौ ।

तिमी फूल हौ, साँझमा मात्रै फुल्ने,
एकपटक फुल्दा, सारा मन हराउने ।
रातकी रानी, ब्रह्मकमल जस्तै तिमी,
शुभ, पवित्र, र प्रेमका प्रतीक बनेर सजिने ।



# माया गर जीवनलाई

तिमीले माया गरेको जीवन बाँच,
हरेक पलमा रसको बयार साँच ।
तिम्रो हाँसोले उज्यालो छायो संसार,
तिमी विनाको बाटो अँध्यारो सार ।

तिमीले बाँच्ने जीवनलाई माया गर,
हरेक पललाई सजाई ममता भण्डार ।
जस्तो नदीको धार सागरमा मिल्छ,
तिम्रो प्रेमले मेरो मनमा शान्ति भरिएछ ।

माया र जीवन एउटै सिक्का हो,
एक तर्फ तिमी, अर्कोतर्फ म हो ।
तिम्रो स्पर्शले बाँच्छ यो दुनियाँ,
तिमी नै हौ मेरो आशिष्को छाया ।

तिमीले रोपेका सपनाहरू फुल्छन्,
तिम्रो आँखाका ताराहरू झुल्छन् ।
तिमीले माया गरेको जीवन बाँच,
तिमीले बाँच्ने जीवनलाई माया गर ।

दुवैको मिलनमा नै हो साँचो सुख,
यही नै हो माया हाम्रो सुख दुःख ।
जीवनको यात्रा हामी साथै सँगै जीउं,
मायाको गीत हामी सधैं सँगै गाऔं ।

# म ठूलो सपना देख्छु

जगत जित्ने सपना मैले बोकेको छु,
डर छैन केही, उठेको छु जोसले म ।
कसैले रोक्न सक्छ र? मेरो यो बाटो,
हिम्मत छ छातीमा, छ साथ पवित्र माटो ।

म ठूलो सपना देख्छु, आकाश छुन्छु,
जीवनलाई आफैँ उज्यालो बनाउँछु ।
कसैले रोक्न सक्दैन मेरो जीतलाई,
अँध्यारोमा निभाउन सक्दैन दीपलाई ।



अन्धकारमा पनि उज्यालो खोज्छु,
आफ्ना कमजोरीलाई शक्ति बनाउंछु ।
रूनु पर्ने बेलामा पनि हास्न सिक्छु,
हारे जस्तो देखिए पनि जित्न थाल्छु ।

म ठूलो सपना देख्छु, डरलाई जित्ने प्रयास गर्छु,
संघर्षका पाइलाहरूमा, होस पूर्वक अघि बढ्छु ।
मेरा पाइलाहरू अब कहिल्यै पनि थाक्दैनन्,
म लक्ष्यमा दृढ छु, उद्देश्य प्राप्त गर्ने नै छु ।

म ठूलो सपना देख्छु, विश्व जित्ने चाह राख्छु,
मन भित्रको उज्यालो, आँखाले राह देख्छु ।
म आफूलाई अब आफ्नै बलमा उठाउँछु,
जीवनलाई सार्थक बनाउँदै, यो संसारलाई बदल्छु ।



# तिमी विना अधुरो म

तिमी विना यो साँझ, अँध्यारो भइरहेको छ,
रातभरिका कुरा अझैँ, मनभित्र बाँकी रहिरहेको छ ।
भाग्यको खेलै यस्तो, सँगै भएर पनि छुट्नुपरेको छ,
तिमी बिना अधुरो म, जस्तै रंगविना फूल फुलेछ ।

फोनको घण्टी बज्दा, सासभित्र नै रोक्थ्यौँ हामी,
मौन क्षणहरू बोल्थे, श्वासले बुझ्थ्यौँ भावना हामी ।
न त प्रेम थियो अल्झिएको, न झुक्याउनु थिए तिमीमा,
थिए त केवल बाध्यता, र परिवारका दबाब हामीमा ।

तिमी सम्झन्छ्यौ अझै पनि, मलाई कालो रात्रिमा,
मेरो हाँसो, मेरो पीडा, तिमी छ्यौ ती कथनमा ।
म पनि बाँचिरहेछु, तिमीलाई गीतमा सजाई,
हाम्रो अधुरो प्रेम बनेछ, मनभित्र गहिरो सम्झनामा ।

दोष दिन्छ्यौ तिमी भाग्यलाई, मैले दिएको छु आफैँलाई,
न होस् तिमीभन्दा कम माया गर्ने, न तिमीले नै गर्थ्यौ ?
तर जीवन छ कति कठोर, समयसँग हार मानेर,
अहिले तिमी उता रोइरह्यौ, म गीत गाएर बाँची रहेँ ।





# बुद्धको शान्ति सन्देश

ॐ मणि पद्मे हूँ

लुम्बिनी भूमिले सुगन्ध फैलायो, बुद्ध बनेर प्रभाको उज्यालो,
शान्ति र करूणा, सत्यको वाणी, मोक्षको बाटो सधैँ रमाइलो ।

हिंसा नहोस् हृदयमा कहिले, दया र माया बढाऊँ मनमा,
शून्यतामा भेटिन्छ जीवन, बुद्धले सिकाए ज्ञानका चरण ।

द्वेष र मोहको जाल मेटी, ध्यानले बढाउँ छ शुद्ध विचार,
शान्तिको शिखर चढ्छ जसले, उसलाई मिल्छ साँचो उपहार ।

बुद्धको मार्ग छ अति सरल, सत्य र संयम छ जीवनभरी,
छरियो मन्त्र ध्यान, समाधि, त्याग र सेवा संसारभरि ।

बुद्धं शरणं गच्छामि । धर्मं शरणं गच्छामि । संघं शरणं गच्छामि ।







# असारे माया

असारको पहिलो पानीले भिजायो धरती,
रोपाइँको मेलामा भेट भयौं म अनि तिमी ।
रमाइलो बेलामा भिज्दै, डुब्ने छौं प्रेममा हामी,
तिम्रो स्पर्शले बन्यो हिलो पनि सुनौलो खानी...

पारिलो घामले शरीरमा सुकाउँछ पसिना,
तिम्रो साथले थकान परिणत गराउँछ मस्तिमा ।
हातै नै समातेर, रोप्दै गरायौं बिरूवाहरू,
मनमा पनि रोप्यौ, तिमीले नयाँ सपनाहरू...

होइ होइ... धान रोपौं, मन खोलौं !
हिलोमा खेल्दै यो क्षेणमा भुलौं !
तिमी र म, हरेक बिरूवा सँगै,
माया फल्ने छ असारको घाम-पानीमै...

धानका बाली जस्तै बढ्दै छ माया,
लह- लहलहाउँदै बढ्छ गहिराइमा जरा ।
हरियालीमा लुकेका छन् हाम्रा सपना,
असार १५को याद अमर बनाऔं धरतीमा...

छुपु.. छुपु हो..हो.. हिलोमा धान रोपौं ..
छुपु.. छुपु हो..हो.. बेलैमा माया सातौं ..


धान फलेछ भने अनि गाउँलेले खान्छ,
हाम्रो माया फुलेछ भने सबैले गाउँछ!
यो रोपाइँको गीत, सधैं भरि नै गुञ्जिरहोस्,
असारको मौसममा, माया सदा फैली रहोस्...


# जीवनको के भर छ र

जीवनको के भर छ र, साँझ हो कि बिहान ?
एकछिनमा हाँसो, एकैछिनमा आँसुको मुहान ।
सपना देखिन्छन् हजारौँले, पूरा कति गर्ला ?
साँचो माया टाढा होला, नौटङ्की नजिकैले गर्ला ।

के को इर्ष्या?,  के को माया मोह ?
लालचले ढाक्यो तनको गहना
अनिश्चित छ यो जीवनको कथा, व्यथा
भोलिको के थाहा, कसलाई के होला ।

अरूलाई हेरी जल्नेहरू तनाब हुन्छ किन ?
आफूमा उज्यालो खोज्नु भौँतारी हिँड्नु किन ?
अरूको उज्यालोले आफ्नो बत्ती निभाउनु किन ?
फूल र काँडा जीवनको साथी साथ जिउनु किन ?





जीवनको के भर छ र, आज हो कि भोलि ?
जो जिउने छ आज, ऊ नै धनाढ्य हुने छ ।
जो बाँच्छ आज आनन्दले उ जिउँछ मस्तले
कहाँ जानु छ, एक्लै हाँसेर जीवन जिउनु छ ।

के को इर्ष्या ?, के को माया मोह ?
लालचले लुकायो बाटो सत्यको
अनिश्चित जीवन, आशाले बाँधेको
आफैँलाई प्रेम गर, किन कि के थाहा कसैको ?

जीवनको के भर छ र, साँझ हो कि बिहान ?
जीवनको के भर छ र, दिन हो कि रात ?
जीवनको के भर छ र, आज हो कि भोलि ?



# ॐकारमा जीवन

आराधना गर, हृदयबाट सधैं गर,
शब्द होइन, भावले सदा भर ।
पूजापाठ हो आत्मासँग संवाद,
साँचो भक्तिमा पग्लन्छ बाध विवाद ।

भक्तिलीन हो, ध्यान शुद्ध मन हो,
ॐकारमा विलीन, आत्मा सच्चा धन हो ।
जीवनको दिशा यही बाटो अच्छा हो,
ईश्वर भित्रै छन्, त्यो अनुभूति साँचो हो ।

ध्यान गर जब सासमा समाउँछ लय,
मनको मौनता खोल्छ सत्यको भय ।
भजनको स्वरमा बग्छ प्रेमको आत्मा,
शान्ति भित्रै लुकेको छ, त्यो चाहिने चश्मा ।

न बत्ती, न घण्ट, न फूलको हार,
मन नशुद्ध भए पूजा व्यर्थ छ संसार ।
अग्निमा होइन, जलमा होइन,
ईश्वर त छ यहीँ, मन भित्रै गहिरो छ त्यहीँ ।

भक्तिलीन हो, ध्यान शुद्ध मन हो,
ॐकारमा विलीन, आत्मा सच्चा धन हो ।
जीवनको दिशा यही सत्य बाटो हो,
आराधनामा लुकेको मुक्तिको घन हो ।

आराधनाले नै उज्यालो ल्याउँछ,
ध्यानले नै शान्तिको दीप जलाउँछ ।
ॐकारको नाममा हर दुःख हराउँछ,
त्यही बाटो सही जहाँ जीवन फुलाउँछ ।

# उनी विना अधुरो

पहिलो नजरमै मनलाई घायल बनायौ,
सपनामा मात्र होइन, बिपनामा सतायौ ।
हाँसोमा मिठास, बोलीमा अद्भूत जादु,
उनी नै मेरै संसार, उनी नै मेरै प्राण ।

चन्द्रमाले रात सजाएझैँ, उनले जीवन रंगाइन्,
एकचोटि हेरिन् भने, मनभरि उज्यालो ल्याइन् ।
शब्दमा बयान गर्न नसकुँ, यो कस्तो भावना,
संसार जितेझैँ लाग्छ, उनको साथको ठेगाना ।

जीवन कहिले हावाले हल्लायो, कहिले तुफान आयो,
तर उनको माया अमर रह्यो, कहिल्यै टुट्न सकेन यो ।
हरक्षण सहारा र बलिदान, हरेक गल्तीमा माफ गऱ्यो,
उनीविना अधुरो छ जीवन, उनी नै आस अनि भरोसा ।



# गुरु विनाको ज्ञान अधुरो

ज्योति दिनु हुन्छ अन्धकारमा,
सत्य बोल्नु हुन्छ व्यवहारमा ।
शब्दभन्दा गहिरो छ तपाईंको ज्ञान,
गुरू तपाईं, मेरो जीवनको पहिचान ।

गुरू विना कसरी हुन्छ र उज्यालो?
शिष्यको मन हुन्छ निश्चल र कमलो ।
तपाईंले देखाउनु भएको बाटो,
गुरू नै साँचो प्रभाको घातो ।

पुस्तक पढैँ, तर आत्मा बुझिनँ,
गुरूको एक नजरले मार्ग पुगेन ।
प्रेरणा बन्यो तपाईंको मौनता,
शिक्षा बन्यो तपाईंको सौम्यता ।

गुरू विनाको यात्रा सधैँ नै अधुरो,
शब्द छैन ऋण चुक्ता गरूँ कसरी ?
श्रद्धा र प्रणाम गर्छु सम्झी सधैँभरी,
गुरूको पाउमा ढोग गर्छु भक्तिभाव ।





# मनको मात, मातको माया

धेरै पिएछु शायद, साह्रै नै मातिएछु कि आज,
छाती चिरेर पिएछु, च्वास्स तीन पानी साँझ ।
रक्सी भन्दा खतरा, मोहकै चुस्की लगायौ कि,
प्रेमको नाममा तिमीले, बेहोसी लठ्ट पऱ्यौ कि ।

माया कि नशा हौ तिमी? छुट्याउनै गाह्रो भयो,
कहाँ जाऊँ म जोगिन, मुस्कानमै लठ्ठ पाऱ्यौ कि ।
नजरको नशा प्यालामा, मात्तिने मदिरा हाल्यौ कि,
तिम्रो नयनको प्यालाले, झन्झन् मस्त बनायौ कि ।

होसमा न बेहोस भएछु, झमझम आँखा भिजायौ,
रक्सीको मातले हो कि, तिम्रै बात लाग्यो कि ।
जति पिए पनि लाग्दैन नशा, लत तिम्रै लाग्यो कि,
माया कि मात हो तिमी?, गाह्रो भो छुट्याउन सकिन ।

सधैँ पिएँ पनि नजरको रागले, अझै झन् प्यास बढ्छ,
होसमा छ कि छैन, थाहा छैन, साँच्चै तिम्रै मात लाग्छ ।
यो तन र मनको नशा, अझ तिम्रै साथमा मात्र छुट्छ,
होसमा हो कि बेहोसीमा थाहा पाउनै गाह्रो भो आज ।





# अन्धकारमा लुकेको

अन्धकारमा लुकेको, क्षणिक खुसी हो यो,
पेट भर्ने, निदाउने, सीमित संसार हो यो ।
अरूको दुःखमा हाँस्ने, आफूलाई मात्र देख्ने,
यो कस्तो खुसी, जसले मनलाई भत्काउने ।

दौडधुपमा जीवन, चाहनाको अनन्त यात्रा,
पद र प्रतिष्ठाको भोक, निन्द्रा लिन पर्ने सारा ।
धन कमाउन दौडिने, शान्ति हरायो मनबाट,
यो कस्तो खुसी, जसले मनलाई नै जलाउने ।

शान्त मनको गहिराइमा, लुकेको ओझेल प्रकाश,
सन्तुष्टि र प्रेमले भरिएको, जीवनको सुन्दर आकाश ।
अरूको सेवामा रमाउने, कर्मको फल नचाहिने,
यो कस्तो खुसी, जसले जीवनलाई नै सजाउने ।





# खुसीका तीन रंग



नशाको धुवाँमा खोज्छु आनन्द,
क्षणिक उन्मादले भुल्छ संसार ।
तास र जुवाको पासामा फस्दै छ,
हारेपछि थाहा हुन्छ खुसी खोटो छ ।

धनको चमक, मनमा यशको प्यास,
महलका झ्यालबाट हेर्छु संसार दास ।
बुद्धिको तिजोरीमा लगाएको छ ताल्चा,
क्षेणीक खुसीले मत्याएको छ अबला ।

भोकैलाई भात, आमाको आशिष पाउँदा,
हिमालको शीतल शान्तिमा मन डुब्नपाउँदा ।
यो खुसीको छाया छ लामो अथाह,
जस्तो बगरमा बगिरहेको शान्तिको धारा ।

तामसिकले जलाउँछ, राजसिकले थकाउँछ,
साविकले नै हरेक जीवनलाई सजाउँछ ।
खुसीको साँचो रूप के हो भनी बुझौं,
आफ्नै आत्मामा बस्ने शान्तिलाई चिनौं ।



# फोटो मात्रै बाँकी

जिन्दगी सारै छोटो छ, मरे पनि फोटो छ,
तस्बिरको सहारामा, बाँच्नु पर्ने खोटो छ ।
सास त रोकियो, मुटु भित्र पीडा बाँकी छ,
माया अधुरो, सम्झनाको कैदमा अल्झिएको छ ।

आँखा चिम्लेर हेर्दा, तिम्रो तस्विरले बोल्दछ,
बाँच्ने रहर हुँदाहुँदै, चुडाइ लग्यो टाडा झनै ।
कागजको फ्रेममा सम्झिएँ, तिमी सम्फनामा
संगै छौ जस्तो लाग्छ, तिमी वरिपरि सपनामा ।

कसैको वालमा पोस्ट भयो श्रद्धाञ्जलीमा,
मन मनै रून्छ एकल, चुपचाप पासोमा ।
स्मृति बनेर पनि शान्ति छैन जीवनमा,
कसरी बाँच्छु म एक्लो, फोटो हेरी बस्न ।

नाम लेखिएको, कालोले सेतो कागजमा,
युगौंको साथ हाम्रो, मौनभाव आगोमा ।
पुष्प फूल ओइलाउँछन्, फोटो अझै मुस्काउँछ,
तिमी छोडी गयौ टाडा, म एक्लो भएछु ।

# परिवर्तन सम्भव छ

अब न त रावण छ,
अब न त कंस छ,
न मोह, न लोभ,
न शङ्का न शत्रुता,
अब त छ केवल सत्य र संकल्प !

परिवर्तन अब विघ्नबाधाले रोकिने छैन,
हामीले ल्याउने हो, चेतनाको क्रान्ति ।
आत्मबल, आस्थाको उडान भर्ने छ,
बलिदान र विश्वासको पुनर्जागरण हुने छ !

हो... हो.... जय देश !
हो... हो.... जय आमा !
हो... हो.... जय परिवर्तन !
हो... हो.... जय मानवता !
हो... हो.... सत्यमेव जयते !

नेपाल अब विकसित उन्मुखमा बदलिन्दै छ ।
जहाँ देवत्व र शक्तिको सुगन्ध मिसिएको छ ।
जहाँ सीमाना टुट्छ, मनहरू जोडिन्छन् ।
त्यहाँ राम र कृष्ण जस्तै फेरी धरतीमा जन्म हुन्छन् ।

सीता जस्तै सहनशील,
लक्ष्मण जस्तै मर्यादित,
राम जस्तै धर्मपरायण,
कृष्ण जस्तै कौशल,
हामी पनि बन्न सक्छौं ।

परिवर्तन बाहिरबाट होइन, भित्रबाट आउनु पर्छ ।
परिवर्तन सम्भव छ, हामी जुटौं, हामी एक हौं ।

हो... हो.... जय देश !
हो... हो.... जय आमा !
हो... हो.... जय परिवर्तन !
हो... हो.... जय मानवता !
हो... हो.... सत्यमेव जयते !





# यात्राको राग

लामो छ बाटो, लामो छ यात्रा,
तिमी र म एउटै सवारीमा ।
सङ्गीतको धुनमा नाच्दै गाउँदै,
खुला आकाशमा हर्षले रमाउँदै ।

गाडीको झ्यालैबाट देखिन्छ दृश्य,
सँग तिमी हुँदा, आँखामा नयाँ विश्व ।
नदी बग्छन्, हावा गुनगुनाउँछ,
साथले लामो बाटो छोट्याइदिन्छ ।

तराईको हरियो खेत,
पहाडको ढुङ्गे पाखा ।
हिमालको सेतो शिर,
हामी सधैँ मायामा थिर ।

गाउँका बत्तीहरू टिमटिमाउँछन्,
बच्चा-बृद्ध हाँसी हात हल्लाउँछन् ।
बाटो मनोरम उकालो र ओरालो,
तिमी छेउमै हुँदा जीवन नै रमाइलो ।

साँझको उज्यालो, बिहानको किरण,
यात्रामा भेटिन्छ हरेक रङगीन क्षण ।
तिमी मसँग हुँदा, साँच्चै डरै हराउँछ,
यो बाटो, यो प्रेम, अनन्त बगिरहन्छ ।

तराई देखि हिमालसम्म,
प्रेम छ गहिराइ तालसम्म ।
यात्रा लामो छ, गीत गाउँन,
तिमी र म सधैँ प्रीत लाउँन ।

हो यो बाटो रमाइलो छ है !
हो यो यात्रा रमणीय छ है !

# भावनाका संगममा डुबी हेर्दा

साहित्य, कला र संगीत मानव जीवनका अभिन्न आयाम हुन् । ती भावनाका सूक्ष्मतरहरूलाई शब्द, लय र स्वरमार्फत अभिव्यक्त गर्ने अद्भूत माध्यम हो- गीत । विशेषगरी गीत संग्रह मनोरञ्जनका साधन मात्र होइन, समाजका विचार, संस्कार र युगीन सन्देशहरू वहन गर्ने जीवित दस्तावेज पनि हो । लामो समय जागिर खाएर पनि जिन्दगीलाई सोचे जसरी चलाउन नसकेका तथा टेक्नोलोजीका दक्ष व्यक्तित्व नेपाली गीतकारको विकासमा यसरी लाग्ने अनेकौं गीतकारहरू मध्ये एक नाम हो विक्रम राजवंशी । उनै गीतकारका प्रस्तुत गीत संग्रह भावनाको संगम यसै शृंखलामा एउटा महत्वपूर्ण प्रयास हो, जसको माध्यमबाट सिर्जनशील मनका गहिरा संवेदनाहरू पाठक–श्रोतालाई सुम्पिने प्रयास गरेका छन् ।

यो सग्रहमा संकलित गीतहरू विविध भावभूमिमा अवलम्बित छन् । कतै प्रेम, समर्पण र मित्रताको स्निग्ध स्वर गुन्जिन्छ भने कतै देश, समाज र समयप्रतिको उत्तरदायित्वको दृढ अभिव्यक्ति सुन्न सकिन्छ । केही गीतहरूमा स्मृति र वियोगको हल्का पीडा छ भने केहीमा भविष्य प्रतिको आशा र प्रेरणाको उज्यालो भेटिन्छ । यस बहुरंगी भावदृश्यले सांगीतिक यात्रालाई जीवनका उचाइ र गहिराइ दुवैमा पुऱ्याएको अनुभूति गराउँछ ।

गीतहरूका शब्द चयन, लय र संरचनामा लेखकको कलात्मक परिपक्वता प्रस्ट देखिन्छ । सहज र प्रवाहपूर्ण भाषा प्रयोग भए तापनि गहिरा भावार्थहरू पाठक–श्रोतालाई आत्मसात गर्न प्रेरित गर्छन् । जीवनका सामान्य अनुभूतिहरूलाई पनि मार्मिक चित्रण मार्फत स्मरणीय बनाउने क्षमता यस संग्रहका पंक्तिहरूमा प्रशस्त छ ।

भावनाको संगम नामानुसार यसमा प्रस्तुत प्रत्येक गीत एउटा भावनात्मक धारा हो, जुन अन्ततः एउटै समुद्र – मानवीय अनुभूतिहरूको विराट संसारमा मिसिन्छ। प्रेम र करुणा, हर्ष र विषाद, विगत र भविष्य, व्यक्तिगत संवेदना र सामूहिक चासो– यी सबै धाराहरूको संगम यस पुस्तकमा छ।

यस संग्रहका गीतहरूले पाठक र श्रोतालाई कलात्मक आनन्द मात्र दिने छैनन्, जीवनका अनेक रूप र रङबारे सोच्न र महसुस गर्न पनि प्रेरित गर्नेछन्। शब्द र स्वरको सहयात्रा, जसमा लय कानले मात्र होइन, मनले पनि सुन्न सक्ने, यहाँ पाइन्छ। लेखकको सिर्जनशीलता र समर्पण यस पुस्तकका प्रत्येक पृष्ठमा प्रकट हुन्छ। उनले आफ्ना व्यक्तिगत अनुभूति मात्र होइन, समाज र समयको साझा भावना पनि यसमा समेटेका छन्। यसैले यो संग्रह एउटा व्यक्तिगत डायरी मात्र नभई हाम्रो सामूहिक अनुभवहरूको अभिलेख पनि हो।

यो गीत संग्रह सिर्जनशील कलम र संवेदनशील हृदयको संयुक्त उपहार हो। यो पढ्ने, सुन्ने जो-कोहीले आफ्नै जीवनका केही पाना यहाँ भेट्नेछन्। यी पंक्तिहरू कहिले तपाईंलाई हसाउँछन्, कहिले चुपचाप सम्झनामा डुबाउँछन्, कहिले पुनः सपनातर्फ लैजान्छन्। यही यसको सौन्दर्य हो– जीवनका रंगीन तरहरूलाई संगीतको लहरमा बुनिदिने क्षमता।

अन्त्यमा, भावनाको संगम नेपाली गीत साहित्यको क्षेत्रमा एउटा महत्वपूर्ण योगदान हो भन्नेमा शंका छैन। यसलाई मनले पढौं, आत्माले सुनौं, र जीवनमा अनुभूत गरौं– यही यस पुस्तकको वास्तविक सार हो।

२६ सेप्टेम्बर २०२५

**तुलाराम थापा**
गीतकार, संगीतकार
हेटौंडा-५, चिसापानी

## चिनारीको प्रस्तुती

### श्रेय तथा धन्यवाद

**गीत लेखन**

बिक्रम राजवंशी

**शब्द र व्याकरण**

सुभद्रा अधिकारी

**सम्पादन र डिजाइन**

यदु दवाडी

रोशन थापा

**प्राविधिक सहयोग**

लिला बहादुर श्रेष्ठ

रूप केशरी श्रेष्ठ

तुला राम थापा

सुवास चन्द्र खनाल

कल्पना श्रेष्ठ

सुरेन्द्र ठकुरी

सुरज सुवेदी

अन्जु थापा

विकास खत्री

अस्मिता लामिछाने

तजैना श्रेष्ठ

विकास कडायत

तनिष बिक्रम श्रेष्ठ

सुमित्रा तामाङ

**संस्थागत सहयोग**

नेपाल ईन्टरनेट फाउण्डेसन




# Chinari
PRODUCTION

*Scan me!*

YouTube

https://www.youtube.com/@Bikram.Rajbanshi

https://www.youtube.com/@digitaltalknepal



बिक्रम राजवंशी

## गीतकार परिचय

भावना, समर्पण र सिर्जनात्मक चेतनाका संगम हुन् - बिक्रम राजवंशी । नेपाली साहित्य र संगीतमा प्रेम, शान्ति, समाज, प्रकृति र आत्मअनुभूतिका ध्वनिहरू गीतमार्फत अभिव्यक्त गर्ने उनी एक समर्पित गीतकार हुन् ।

भावनाका संगम उनको मनका लहरहरू, जीवनका यात्रा, सन्देह र श्रद्धाका पलहरूलाई समेटेको भावनात्मक गीतसङ्ग्रह हो । आधुनिकता र मौलिक नेपाली शैलीको सन्तुलन मिलाउँदै उनले नेपाली गीत साहित्यमा सौन्दर्य र अर्थको नवीनता भरेका छन् ।

जीवनको उतारचढाव र विविध रंगहरूलाई छन्द, लय र भावद्वारा व्यक्त गर्नमा उनको विशेष रूचि छ । उनका गीतहरूमा माया, प्रेम, स्नेह, विछोड, देशभक्ति, धर्म, चिन्ता र आशाका थुप्रै रचनात्मक कल्पनाका रङहरू भेटिन्छन् ।

गीत लेखन उनका लागि केवल सिर्जना मात्र होइन, आत्मप्रकाशको एक साधना हो ।

Visit us:

For contribution to last mile connectivity:

रू ३००/-